
“चेपाङ्गका लागी चिउरी, चिउरीका लागी चमेरा”
“Let’s work together to maintain delicate balance between
Chepang-Chiuri and Fruit Bats before its too late”
चमेरा संरक्षणमा हातेमालो गरौं ।
थप जानकारीको लागि
साना स्तनधारी प्राणी संरक्षण तथा अनुसन्धान फाउण्डेशन
काठमांडौ नेपाल
पोष्ट वक्स नं : ९०९२
The Rufford Foundation
www.rufford.org
SMCRF

# "चेपाङ्गका लागी चिउरी, चिउरीका लागी चमेरा"

चमेरा, चेपाङ्ग र चिउरी बिच रहेको सन्तुलन कायम गर्न फलहारी चमेरा बचाउन एक जुट हौं ।

"Let's work together to maintain delicate balance between Chepang-Chiuri and Fruit Bats before its too late"



## चेपाङ्ग चिउरी र चमेरा

चेपाङ्ग अति सिमान्तकृत, विपन्न आदिवासी जनजाती हुन् । मुख्य समुदाय चितवन, मकवानपुर, धादिङ, गोरखा, लमजुङ र तनहुँ जिल्लामा छरिएका भएपनि नेपालमा २६ जिल्लामा चेपाङ्गहरु बसोबास गर्छन् । २०६८ को जनगणना अनुसार ६८,३९९ रहेको चेपाङ्ग समुदाय जल, जङ्गल तथा जमिनसँग गहिरो सम्बन्ध राख्छन् । चिउरी चेपाङ्गका लागी बहुउपयोगी बनस्पति हो । आर्थिक अवस्था कमजोर हुनाले चेपाङ्ग चिउरीको फल र बियाँ बेचेर आर्थिक आम्दानी गर्छन । चिउरीको बियाँ पेलेर घिउ निकाली भुटनको रुपमा र पिना प्राङ्गारिक मलको रुपमा प्रयोग वा बिक्री हुने भएकाले चेपाङ्ग र चिउरी सम्बन्ध प्रगाढ छ । विगतका केहि बर्षमा चिउरीको बोटमा फूल राम्रोसँग लागेपनि फल नलाग्ने समस्याले उत्पादनमा कमी आएको चेपाङ्ग समुदायको गुनासो छ । पहिले पहिले एउटै रुखबाट ४० पाथीसम्म बिँया निस्कन्थो भने अहिले मुस्किलले १० पाथी पनि नहुँदा समस्या सिर्जना भएको छ ।

## चिउरीको उत्पादनमा कमी आउनुको मुख्य कारण

धेरै जसो फुलफुल्ने विरुवाहरु परागशेचन विना फल र बिज दिन सक्दैनन् । फुलफुल्दा र फलपाक्दा फलहारी चमेरा चिउरीको रस र फल खान झुम्मिने गर्दछन् । चिउरीको रस खान चमेराहरु एकै रातमा ठाँउ ठाँउका धेरै रुखहरु चहार्छन् । एउटा रुखमा रस खाँदा चमेराको मुखमा (शरिरमा) परागहरु (फूलको भाले अङ्ग Androecium) टाँसिन्छन् र अर्को रुखमा जाँदा फूलको पोथी अङ्ग Gynoecium सँग मिलि परागशेचन प्रक्रिया पुरा हुन्छ । परागशेचनको लागी विभिन्न प्राणीको आवश्यकता भएपनि रात्रीचर प्राणी जस्तै चमेरा आफ्नो ठूलो आकारको कारणले (धेरै पराग बोक्ने) महत्वपूर्ण प्राणी मानिन्छ । विगतका केहि वर्षमा चिउरीमा आउने चमेरा घट्दै गइरहेको बताउने चेपाङ्ग समुदायले पुस्तौ देखी स्थानीय जाल 'भुवा' थापेर वा चमेराको शिकार गर्नाले परागशेचन प्रक्रिया पुरा नहुने हुँदा फल राम्रो सँग दिँदैन । अतः उत्पादनमा कमी आउँदा चिउरीबाट फाइदा लिन वञ्चित छन । फल पाक्ने समयमा (असार साउन) चमेराको प्रजनन् गर्ने समय भएकोले एकातर्फ माउसँगै बच्चा पनि मर्दछ भने अर्कोतर्फ बिज वितरण राम्रो सँग नहुने हुँदा नयाँ ठाँउमा चिउरीका बोटहरु हुर्कँदैनन् । चेपाङ्गले फलहारी चमेरा मार्नाले एकतर्फ चमेराहरु लोप हुने अवस्थामा पुगेका छन् भने अर्कोतर्फ चिउरीमा राम्रोसँग परागशेचन नहुँदा फूल राम्रोसँग फुलेपनि फल नफलेर चिउरीको उत्पादनमा कमी आएको छ । त्यसैले चेपाङ्ग, चमेरा र चिउरी एक अर्काका परिपुरक हुन त्यसैले जैविक विविधता, चिउरीको उत्पादन बढाउन चेपाङ्गको मित्र चमेराहरु नमारी, तिनिहरुको संरक्षणमा हातेमालो गरौं ।

## चमेराको जानकारी

चमेराहरु स्तनधारी प्राणी हुन् । विश्वमा चमेराहरु दोस्रो धेरै प्रजातीहरु भएको "काइरोप्टेरा" वर्गमा पर्दछन् । आर्कटिक तथा अन्टार्कटिक महादेश बाहेक सबै क्षेत्रमा पाइने चमेराहरुको विश्वमा १३०० भन्दा बढी प्रजातीहरु छन् । नेपालमा हालसम्म ५१ प्रजाती अभिलेख भएको छ । स्तनधारी प्राणीमा चमेराहरु मात्र उड्न तथा उल्टो झुन्डिन सक्छन् । वनजङ्गल, घर वरपरको रुखहरुको हाँगाहरु, टोड्का, पात, बोक्रा, गुफा, पहरा, मानव बस्तीका पुराना घर, मन्दिरका छाना तथा बाँसको कोरा चमेराको प्रमुख वासस्थान हो । चमेराहरु पर्यावरण, मानव स्वास्थ्य र कृषिमा अति नै उपयोगी जीव मानिन्छन् । विश्वमा पाइने चमेराहरु दुई थरीमा वर्गीकृत गरिएको छ ।

क) मांसाहारी चमेरा

ख) शाकाहारी चमेरा

### क) मांसाहारी चमेरा

विश्वमा पाइने लगभग ७०% चमेराहरु मांसाहारी छन् । आकारको आधारमा मांसाहारी चमेरा अलि साना भएपनि संख्याको आधारमा धेरै छन् । नेपालमा ४७ प्रजातीका मांसाहारी चमेरा पाइन्छन् । यी चमेराले ध्वनी परिवर्तन प्रणाली प्रयोग गरी लामखुट्टे, किरा, फट्याङ्ग्राहरु लगायत भ्यागुता, माउसुली, छेपारो, मुसा, साना चरा र चमेराहरु पनि खान्छन् । विज्ञहरुका अनुसार एक चमेराले एक घण्टामा करिब ३००० लामखुट्टे तथा बालीनालीमा लाग्ने विभिन्न जातका किराहरु मार्ने वा खाने गर्नाले मानिसहरुलाई प्रत्यक्ष सहयोग पुर्याइरहेका छन् ।



राईनोलोफेडी जात अर्न्तगत पर्ने मांसाहारी चमेरा

### ख) शाकाहारी चमेरा

विश्वमा शाकाहारी चमेरा लगभग १८६ प्रजाती छन् भने नेपालमा चार प्रजातिका पाइन्छन् । यी प्रजातीले फलफुल, फूलको रस, पराग आदी खान रुचाउँछन् । यी प्रजातीहरु परागसेचन गरी कृषि उत्पादन बढाउने र बिज वितरण गरी वनजंगल विस्तारमा सहयोग गर्ने भएकाले जैविक विविधता संरक्षणमा अति नै उपयोगी मानिन्छन् ।



बदुरा जातको शाकाहारी चमेरा

## चमेरा सम्बन्धि अन्धविश्वास र जानकारी

फलहारी चमेराको (बदुरा र अन्य साना चमेराहरु) काँचो रगत,मासु खाँदा ब्लड क्यान्सर, दाद, दम, अवरोग आदी रोगहरु निको हुन्छ भन्ने कुरा संयोग र भ्रम मात्र हो । त्यस्तै गरी चमेराले चिउरीको फूल बिगार्ने, बगैंचाको फलफूल नस्याप पार्ने कुरा साँचो होइन किनकी फलहारी चमेराहरु प्राय पाकेका फलफुल खाने, फूलको रस र फल खाई परागशेचन र बिज वितरण गर्ने गर्दछन् । चमेरामा १३७ प्रजातीका जिवाणुहरु पाइन्छन् तीमध्ये ६१ प्रजाती जिवाणु मानिसको लागी खतरनाक छन् ।

## चमेराहरु संकटमा पर्नुको मुख्य कारण

क) वासस्थान विनास

ख) बासस्थान अतिक्रमण र अभाव

ग) शिकार

घ) सचेतना र अध्ययन अनुसन्धानको कमी



शिकार गरी सुकुटी बनाएको अवस्थामा सानो बदुरा

## कसरी बचाउने

क) आफूले नमार्ने र अरुलाई नमार्न सल्लाहदिने ।

ख) वासस्थान संरक्षण गर्ने ।

ग) चिउरी र फलफूलका बोटहरु रोप्ने ।

घ) चमेराको मासुको विकल्प खोज्ने ।

ङ) चमेरा जोगाउन स्थानियलाई अभिप्रेरित गर्ने ।



फूल फुलेको चिउरीको बोट

## चमेराका फाइदाहरु

### १) किराहरुको रोकथाम

मांसाहारी चमेराहरु लामखुट्टे, भुसुना, फट्याङ्ग्राहरु खानाले यी किराहरु र किराबाट सर्ने विभिन्न रोगहरु रोकथाम हुन्छ । यी चमेराहरुले मकै, धान, तोरी, काँक्रो इत्यादीहरुमा लाग्ने किराहरु खाँदा किसानको हजारौं पैसा बचाँउने मात्र नभएर किटनासक औषधी प्रयोगको कमीले मानिस लगायत वातावरणलाई फाइदा पुर्याउछ । जुन घरमा चमेराहरु बस्दछन् त्यस घरमा अन्य घरको तुलनामा कमै लामखुट्टे र किराहरु लाग्दछन् । एक चमेराले एक दिनमा आफ्नो शरिरको एक तिहाइ खानेकुरा खान सक्छन् । एक अनुसन्धानका अनुसार अमेरिकामा मात्र चमेराले बालीनालीमा लाग्ने किराहरु खानाले, राम्रो उब्जाउ र किटनासक औषधीको प्रयोगमा कमी हुँदा वार्षिक लगभग तिन खरब ७० अरब नाफा हुन्छ ।



मांसाहारी चमेराद्वारा किराको शिकार

### २) परागशेचन

धेरै जसो फुलफुल्ने विरुवाहरु परागशेचन बिना फल र बिज दिन सक्दैनन् । विश्वमा ५०० भन्दा बढी प्रजातीका फुलहरु र ६७ भन्दा बढी प्रजातीका बनस्पती मुख्यतया परागशेचनको लागी फलहारी चमेरामा भर पर्दछन् । चमेराहरुले विभिन्न जातका फलफुल जस्तै केरा, आरु, चिउरी आदीमा रस चुस्न आँउदा फूलको पराग (भाले अङ्ग Androecium) चमेराको शरिरमा टाँसिने र अर्को फूलमा जाँदा फूलको (पोथी अङ्ग Gynoecium)सँग पुग्दछ र परागशेचन प्रक्रिया पुरा भई बोटमा फल दिन्छ । चिउरीको उत्पादनमा कमी आउनुको मुख्य कारण परागशेचनमा सहयोग गर्ने शाकाहारी चमेरा मार्नु हो ।



परागशेचन गर्दै सानो बदुरा जातको चमेरा

### ३) बिजवितरण

चमेराहरुले फलफुलहरु एक ठाँउबाट बोकी अर्को ठाउँमा लगेर खाने र बिउ त्यहि वा उड्दा कतै खसाल्छन् । उपयुक्त समयमा बिजबाट बिरुवा निस्कछ र वनजङ्गल बढाउने काम गर्दछ । मानिसहरुले यसलाई उष्ण प्रदेशको किसान पनि भन्दछन् ।

### ४) विष्टा

चमेराको विष्टा संसारको उत्कृष्ट प्राङ्गारिक मलहरु मध्ये पर्दछ । पहिले पहिले किसानहरु चमेराको गुफा नजिक बस्ने र चमेराको विष्टा निकाली आफ्नो बगैंचामा रहेका फलफूलहरु र खेतवारीमा प्रयोग गरी बालीनाली सपार्थे ।



चमेराको विष्टा

बिज वितरणमा सहयोग गर्दै सानो बदुरा

चमेराको शिकार विरुद्ध आवाज उठाऔं ।


साना स्तनधारी प्राणी संरक्षण तथा अनुसन्धान फाउण्डेशन

काठमाडौं नेपाल, पोष्ट बक्स नं. [illegible] फोन नं. [illegible]

# “चेपाङ्गका लागी चिउरी, चिउरीका लागी चमेरा”

**चमेरा, चेपाङ्ग र चिउरी विच रहेको सन्तुलन कायम गर्न फलहारी चमेरा बचाँउन एक जुट हौ ।**

“Let’s work together to maintain delicate balance between Chepang-Chiuri and Fruit Bats before its too late”




## शाकाहारी चमेरा

- विश्वमा लगभग १८६ प्रजातीका शाकाहारी चमेराहरु छन् ।
- नेपालमा चार प्रजातीका शाकाहारी चमेरा पाइन्छन् ।
- यी प्रजातीले फलफुल, फुलको रस, पराग आदी खान रुचाउँछन् ।
- यी प्रजातीहरु परागसेचन, विज वितरण गरी जंगल विस्तारमा सहयोग गर्ने भएकाले जैविक विविधता संरक्षणमा अति नै उपयोगी मानिन्छन् ।
- परागशेचन र विजवितरण गरी कृषि उत्पादन बढाई किसानलाई प्रत्यक्ष आर्थिक लाभ दिन्छन् ।



## चमेराका फाईदाहरु

- मांसाहारी चमेरा किराहरुको रोकथाममा महत्वपुर्ण भुमिका निर्वाह गर्छन् ।
- परागशेचन, विजवितरण र वनजंगल विस्तारमा शाकाहारी चमेराको महत्वपुर्ण भुमिका हुन्छ ।
- चमेराको विष्टा संसारको उत्कृष्ट प्राङ्गारिक मलहरु मध्ये पर्दछ।
- चमेरा पर्यटनबाट समुदायको जिविकोपार्जनमा टेवा पुग्न जान्छ ।



## संरक्षणका चुनौतिहरु

- बासस्थान विनास
- बासस्थान अतिक्रमण र अभाव
- शिकार
- सचेतना अभाव



## कसरी बचाउने

- आफुले नमार्ने र अरुलाई नमार्न सल्लाह दिने
- बासस्थान संरक्षण गर्ने
- चिउरी र फलफुलका बोटहरु रोप्ने
- चमेराको मासुको विकल्प खोज्ने
- चमेरा जोगाउन स्थानियलाई अभिप्रेरित गर्ने

## चमेरा संरक्षणमा हातेमालो गरौं।

The Rufford Foundation
www.rufford.org


**थप जानकारीको लागि**
साना स्तनधारी प्राणी संरक्षण तथा अनुसन्धान फाउण्डेशन
काठमांडौ नेपाल
पोष्ट वक्स नं : ९०९२
फोन नं : ९७७-९८६०५६९२५४ (हरि बस्नेत)


SMCRF


अबधारणा : हरि बस्नेत, सँजन थापा, अमर कुवँर, सविता गुरुङ्ग/ तस्विर : हरि बस्नेत, सविता गुरुङ्ग, Merlin D. Tuttle